नेपाल राष्ट्र बैंक
प्रेस समाचार

## Nepal Rastra Bank र China Banking Regulatory Commission – CBRC सँग द्विपक्षीय बैकिंग सम्बन्ध विस्तार सम्बन्धी छलफल ।



गभर्नर डा. युवराज खतिवडाको चीन भ्रमणको अवसरमा गभर्नर डा. खतिवडा र CBRC का अध्यक्ष Mr. Shang Fulin का बीच द्विपक्षीय बैकिङ्ग सम्बन्ध विस्तार र सुपरिवेक्षकीय सूचना आदान प्रदान गर्ने सम्बन्धी समझदारीका सम्बन्धमा वृहत रुपमा छलफल भएको छ । छलफलका क्रममा नेपाल र चीन वीच व्यापारमा आएको वृद्धि, नेपाल भ्रमण गर्ने चिनिया पर्यटकको संख्यामा भएको वृद्धि, नेपालका विभिन्न पूर्वाधार लगायतका निर्माणमा चिनिया कम्पनीहरुको बढ्दो संलग्नताका कारण नेपालमा चिनियाँ वाणिज्य बैंकहरुको उपस्थिति आवश्यक रहेको कुरा गभर्नर डा. खतिवडाले बताउनु भयो । यसका लागि गभर्नर डा. खतिवडाबाट **CBRC** का अध्यक्षलाई चीनका वाणिज्य बैंकलाई नेपालमा शाखा वा सहायक कम्पनीको रुपमा कारोबार सञ्चालनका लागि प्रोत्साहन गर्न गर्नु भएको अनुरोधलाई Mr. Fulin ले गम्भीरतापूर्वक लिई यसमा सहयोग गर्ने विश्वास दिलाउनुका साथै नेपाल राष्ट्र बैंक र चीनको **CBRC** वीच निकट भविष्यमा बैकिङ्ग सुपरिवेक्षण सूचना आदान प्रदान सम्बन्धी समझदारीपत्रलाई अन्तिम रुप दिई हस्ताक्षर गर्ने प्रारम्भिक सहमति समेत भएको छ । सो समझदारीपत्रमा हस्ताक्षरका लागि CBRC का अध्यक्षलाई आगामी २-३ महिनाबीच नेपाल भ्रमण गर्ने निमन्त्रणा गरिएकोमा उहाँले त्यसलाई स्वीकार गर्नुभएको छ । साथै, गभर्नर डा. युवराज खतिवडाले नेपालका वाणिज्य बैंक र चीनको वाणिज्य बैंकबीच हाल बैंक ग्यारेण्टीका सम्बन्धमा समाधान हुन नसकेका विषयहरु रहेको जानकारी गराउनुका साथै सो समस्या समाधानका लागि पहल गरिदिन अनुरोध गरिएकोमा सो विषयलाई उहाँले आवश्यक पहल गर्ने बताउनु भएको थियो ।

**२०७१ पुस ११ गते शुक्रबार**

**गभर्नरको कार्यालय**